नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

४२००३१४
४२००२९९
४२००५०५


पत्र संख्या :- ०७३/०७४
चलानी नं.: २१५६

मिति २०७३।११।९

नेपाल सरकार (माननीय मन्त्रिस्तर) वाट
मिति २०७३।११।८ मा स्वीकृत

## गाँउ विकास समितिमा कार्यरत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका गा.वि.स. सचिवहरुलाई अन्यत्र सरुवा भै जान सहमति प्रदान गर्ने सम्वन्धी मापदण्ड - २०७३

निजामती सेवा ऐन, २०४९ र नियमावली २०५० बमोजिम गा.वि.स.मा कार्यरत सचिवहरुलाई गा.वि.स.वाट प्रदान गरिने आधारभुत सेवा प्रवाह व्यवस्थीत गर्न देहायको मापदण्ड अपनाई सरुवा सहमति दिईने छ ।

१. निजामती सेवा ऐन २०४९ को दफा १८(३) मा तोकिए बमोजिमको कार्यअवधि पुरा नगरेका गा.वि.स. सचिवहरुलाई सरुवा सहमति प्रदान नगर्ने ।

२. निजामती सेवा ऐन २०४९ को दफा १८ को उपदफा (७) मा ब्यवस्था भए बमोजिम मिति २०६४।४।२३ पछि नियुक्ति भएका राजपत्रअनंकित कर्मचारीहरुलाई ऐनको दफा १८(७) बमोजिम लोक सेवा आयोगवाट सिफारिस भएको विकास क्षेत्र तथा अञ्चल भित्रका कार्यालयरुमा बाहेक ५ वर्ष पुगेकोमध्ये एक जिल्लावाट एक आर्थिक वर्षमा जिल्लागत दरवन्दीको एक चौथाई सम्म सम्वन्धित स्थानीय विकास अधिकारी संग समन्वय गरी सरुवा सहमतिको सिफारिस गर्ने गरी देहायको आधारवाट गर्ने ।

अ. कार्यालयको कामको सिलसिलामा छानविन परेका / कारवाही भैरहेका / कारवाहीको लागि लेखि पठाएका कर्मचारीको हकमा कारवाही टुंगो लागे पछि मात्र सरुवा सहमति दिईनेछ ।

आ. सरुवा सहमति एक पटकमा दुई महिनाको लागि दिईनेछ । दुई महिना भित्र सरुवा हुन नसकेमा सोही सोही ब्यक्तिलाई सोही आ.व.मा पुनः सरुवा सहमति दिईने छैन ।

इ. सरुवा सहमति माग गर्दा सम्वन्धित कर्मचारीले आफ्नो PIS रेर्कड अध्यावधिक गरी पेश गर्नु पर्ने छ।

ई. सरुवा सहमति माग गर्नु पर्नाको कारण र आधार स्पष्ट खोली निवेदन दिनु पर्ने छ ।

उ. सरुवा सहमति माग गरेका निवेदनहरु मध्ये निजको कार्य अवधि र जेष्ठताको आधारमा सहमति दिईनेछ ।

३. सरुवा सहमति माग गर्दा फाजिलमा रहेका गा.वि.स.सचिवको सम्वन्धित जिल्ला विकास समितिको स्थानीय विकास अधिकारीले यस मन्त्रालयलाई सिफारिस गरेको हुनु पर्ने छ ।

४. कुनै स्थानमा कार्यरत गा.वि.स.सचिवहरुलाई कडा रोग लागि काम गर्न अशक्त भएमा सरुवा सहमति दिन सकिनेछ ।

५. सुत्केरी महिला, अपाङ्गता, शारिरिक अशक्तता र ५० वर्ष उमेर पुरा भएका गा.वि.स. सचिवलाई सरुवा सहमति दिन प्राथमिकता दिईनेछ ।

६. सामान्य प्रशासन मन्त्रालयले सरुवा खुला गरेको समय श्रावण महिनामा सहमतिको आवश्यक पर्ने छैन ।

०७३।११।९

(भरत कुमार शर्मा)
उपसचिव

**बोधार्थ :**

श्री सूचना तथा विधुतिय शासन शाखा : *Website* मा राखि दिनु हुन ।